# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पुस २१ गते २०३२ साल

श्री ५ को सरकार

**भूमिसुधार मन्त्रालयको**

**सूचना**

जग्गा (नाप जाँच) (पहिले संशोधन) नियमावली, २०३२

जग्गा (नाप जाँच) नियमावली, २०३२ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम जग्गा (नाप जाँच) (पहिलो संशोधन) नियमावली, २०३२ रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल नियमावलीको नियम ८ मा संशोधनः– मूल नियमावलीको नियम ८ को उप–नियम (३) र (४) मा रहेको "भूमिसुधार अधिकारी वा भूमि प्रशासक" भन्ने शब्दहरूको सट्टा" भूमिसुधार अधिकारी वा भूमि प्रशासक वा निजहरू नरहेको वा निजहरूले तोकेको अवस्थामा भूमिसुधार कार्यालयको वा भूमि प्रशासन कार्यालयको शाखा अधिकृत" भन्ने शब्दहरू राखिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६२

मुद्रण विभाग

३. मूल नियमावलीको नियम १२ मा संशोधनः– मूल नियमावलीको नियम १२ को उप–नियम (२) मा रहेको "भूमिसुधार अधिकारी वा भूमि प्रशासक" भन्ने शब्दहरूको सट्टा "भूमिसुधार अधिकारी वा भूमि प्रशासक वा निजहरू नरहेको वा निजहरूले तोकेको अवस्थामा भूमिसुधार कार्यालयको वा भूमि प्रशासन कार्यालयको शाखा अधिकृत" भन्ने शब्दहरू राखिएको छ ।

आज्ञाले–
वासुदेव प्याकुरेल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग सिंहदरबार

२८०८